# 多言語情報コーナー　　　　　　　（令和２年　８月号）

## १. दैवी प्रकोपको लागि तैयारी गर्ने बारे !

यो बर्ष पहिलेनै, क्युउस्युउ तिर भारी बर्षातले गर्दा प्रकोपका घटनाहरु घटिरहेका छन् र यसपछिको मौसम, ताइफून् र भारी बर्षातको मौसम भएकोले जलप्रकोप बढि हुने गर्दछ | यदि दैवी प्रकोपको घटना आफू नजिकै घटेको खण्डमा, सुरक्षित् आश्रय लिनको लागि के गर्दा राम्रो हुन्छ, अहिले देखिनै तैयारी गरिराख्नु महत्वपूर्ण हुन्छ |

जापानमा, यस्ता घटनाहरु घट्ने बेलामा, ५ तहका चेतावनीहरुद्वारा प्रकोपको जानकारी दिईने
व्यवस्था छ |
चौथो तहको चेतावनी जारी भएमा, खतरा आसन्न (नजिकै) छ, सबैजना आश्रय लिन जानुहोस भन्ने अर्थ हो |
आश्रय लिने स्थल चाँही, नगरपालिकाले निर्दिष्ट प्रा. मा. विद्यालयका भवनहरु तथा सार्वजनिक सभा गृह आदि हुन् |

यस्ता ठाउँहरुलाई हिनान्ज्योउ (आश्रयस्थल) भनिन्छ, जहाँ आपतकालीन अवस्थामा सबैजना भागेर गई अस्थायी रुपमा आश्रय लिने गरिन्छ |

त्यहाँ पिउने पानी र खानेकुराहरु पाउन सकिन्छ र राती ढुक्क भएर सुत्न सकिन्छ |
र “आश्रयस्थल” मा, आवश्यक जानकारीहरु प्राप्त गर्न सकिन्छ |

“आश्रयस्थल” बाहेक अन्य ठाउँहरुमा शरण लिन जानेहो भने, सुरक्षित् रुपले बसेका आफन्त तथा साथी आदिका घर तिर भाग्नुहोला |

आफ्नै घर सुरक्षित् ठाउँ हो भने, जबर्जस्ती “आश्रयस्थल” जानु आवश्यक छैन |

चेतावनी तह पाँचौ भएमा, प्रकोपको घटना घटिसकेको अवस्था भनि जान्नु होला |

चेतावनी तह तेस्रो तथा चौथो जारी नगरिएतापनि, ज्यानको खतरा अनुभूति भएमा
आश्रयस्थल खुल्ला गरौं |

मौसम तथा प्रकोपको अग्रिम जानकारी कसरी थाह पाउन सकिन्छ भन्ने बारेमा, जापान
मौसम विज्ञान एजेन्सीले रेडियो तथा इन्टरनेट आदि द्वारा, देशभरी व्यापक रुपमा
जानकारी प्रसारण गरिरहेको हुन्छ |

जापान मौसम विज्ञान एजेन्सीले रियल टाईममा (तत्कालै), अंग्रेजी, चिनी, स्पेनी, भियतनामी, ताकालोग, नेपाली, सिन्हाला तथा थाई भाषा आदि वहुभाषामा प्रकोप रोकथाम तथा मौसम सम्बन्धि जानकारीहरु प्रसारण गरिरहेको हुन्छ ।

सत्य/तथ्य जानकारी उपलब्ध गरि, आश्रय लिने काममा उपयोग गरौँ ।

यस बाहेक, तोचिगी नगरले. डुबान तथा पहिरोको घटना घट्न सक्ने सम्भावना उच्च भएका क्षेत्रहरुलाई रंग लगाईएको हाजार्ड-म्याप (जोखिमपूर्ण स्थानहरु देखाईएको नक्शा) पनि वितरण गर्ने गरेकोछ ।

हाजार्ड-म्याप, शियाकुस्यो तथा कोउमिन्कानमा वितरण भैरहेकोछ । तोचिगी नगरको होमपेजमा पनि भेटाउन सकिन्छ ।

हाजार्ड-म्याप हेरेर आफ्नो घर कहाँ पर्दछ निर्क्योल गरिराख्नुहोस् । आफु बसेको क्षेत्रलाई रंग लगाईएकोछ भने, दैवी प्रकोपको खतरा भएकोले, आधारभूत रुपमा, आफ्नो घर बाहेक अन्य ठाउँमा आश्रय लिन आवश्यक छ भनि जान्नु पर्दछ ।

अहिलेदेखि नै, आश्रय लिन जाँदा साथमा लिएर जाने सामग्रीहरु तैयार पारिरखौं । उदाहरणको लागि, मोबाईल रेडियो, नियमित औषधी, पकाउनु नपर्ने खानेकुरा, पिउने पानी, टर्चलाइट, लगाउने कपडा, तौलिया, पेपर डायपर, ब्याट्री चार्जर, चप्पल आदि ।

संक्रमण रोकथामका उपायको रूपमा, मास्क, एन्तिसेप्टिक अल्कोहल, थर्मामिटर आदिको पनि व्यवस्था गरिराखौं ।

आफ्नो ज्यानलाई खतरा हुनेजस्तो भएमा केगर्ने, “आफ्नो जिउ आफै बचाऊ” भन्ने चेतना बोकेर, शरण लिने उचित समय र आफूले गर्न सक्ने आश्रय सम्बन्धि क्रियाकलापहरु बारे बेलैमा सोचिराखौं ।

**(सन्दर्भ) जापान मौसम विज्ञान एजेन्सी**

## २. जनगणना सम्बन्धि जानकारी !

यो बर्ष, ५ बर्षमा एकपटक गरिने जनगणना गर्ने बर्ष हो |
जनगणना भनेको, जापानको जनसंख्या तथा घरपरिवारको वास्तविकता स्पष्ट पार्नको लागि गरिने परिपाटी हो |
यसमा, व्यक्तिको नाम थर, महिला पुरुष, जन्म मिति, नागरिकता, विद्यालय जाने अवस्था, काम गर्ने ठाउँ, विद्यालय, परिवारका सदस्य संख्या, निवासको किसिम, घर निर्माणको तरिका, आदि अनुसन्धानका बिषयहरु समावेश छन् |
अनुसन्धानको अन्तिम म्याद आउँदो अक्टोबर महिनाको १ तारिक रहेकोछ |
विदेशी वासिन्दाहरु लगायत, जापानमा बसोबास गर्ने सम्पूर्ण नागरिकहरु यो अनुसन्धानको दायरामा पर्दछन् |

यो बर्षको अनुसन्धान, नौलो कोरोना भाईरस संक्रमण व्यापक हुनबाट रोक्नको लागि, अनुसन्धानका कागजातहरु वितरण तथा संकलनको बारेमा, सकेसम्म अनुसन्धानमा खटिने कर्मचारीहरु र तपाईंहरु बिच सीधै सम्पर्क नभई, गैर सम्पर्क जस्ता तरिकाहरु अपनाउने कार्यक्रम रहेको कुरा जानकारी गराईन्छ |

तपाईंको घरमा अनुसन्धान सम्बन्धि कागजातहरु पुगेमा, इन्टरनेटमा जवाफ दिने साइट खोलेर, स्क्रीनको गाईडेन्स संगै जनगणना अनुसन्धान सम्बन्धि प्रश्नका उत्तर दिनु पर्ने हुन्छ |

यदि इन्टरनेटमा जवाफ दिन गाह्रो परेको खण्डमा, अनुसन्धान फारम प्रयोग गरि उत्तर दिन सकिन्छ | तपाईंले भरेको जवाफ फारम हुलाक द्वारा पेश गर्न सकिन्छ |

जनगणना अनुसन्धानबाट प्राप्त विभीन्न सांख्यिकीय परिणामहरू, सम्पूर्ण नागरिकहरुको साझा सम्पतिको रुपमा अध्ययन, शैक्षिक् गतिविधी, आर्थिक गतिविधी आदि विस्तृत क्षेत्रमा प्रयोग गरिन्छ |

यहाँहरु सबैको समझदारी र सहयोगको लागि अनुरोध गरिन्छ |

## ३. रेइवा दोस्रो बर्ष (सन् २०२० साल) “बच्चा भएका परिवारलाई प्लस सपोर्ट” लाभ रकम बारे जानकारी !

नौलो कोरोना भाईरस संक्रमणबाट प्रभावित बच्चा भएका परिवारहरुलाई सहयोग पुर्याउने उद्देश्यले, तोचिगीनगरले मूलव्यवसायको रूपमा, एक निश्चित रकम प्रदान गर्ने भएकोछ ।

लक्षित् व्यक्तिहरुलाई, यो बर्षको जुलाई महिनाको अन्ततिर “तोचिगी नगर बच्चा भएका परिवार प्लस सपोर्ट रकमको जानकारी” नामक पोष्टकार्ड हुलाक मार्फत पठाईने योजना छ ।

खासमा, यसका लागि आवेदन दिनु पर्ने आवश्यकता भने छैन ।

रेइवा २ बर्ष (सन् २०२० सालको जून महिनाको ३० तारिक सम्ममा तोचिगी नगर भित्र निवास दर्ता गराएका मा.वि. तह सम्मका बालबालिकाहरु भएका परिवारहरु यो सुविधाको लक्षमा पर्दछन् ।
सो वापत प्रदान गरिने रकम, लक्षित् एक परिवारलाई १०,००० येन तोकिएको छ ।

भुक्तानी गरिने कार्यक्रम, रेइवा २ बर्ष (सन् २०२० साल) अगस्त महिनाको अन्त तिर योजना गरिएको जानकारी गराईन्छ ।

यो रकम भुक्तानीको कुरा लिएर शंकास्पद फोन अथवा मेल आएमा, तुरुन्त नजिकको प्रहरी कार्यालयमा परामर्श लिनुहोला ।